नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ४८ २०८० साल भदौ २९ गते शुक्रबार (15 Sep. 2023 Friday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : मधेसमा 'मुटु' छामिरहेका.. ३ पृष्ठमा : राजनीतिक संस्कारका धरोहर... ३ पृष्ठमा : नेत्री सुचीलाई उपचार र...

# शिक्षकको तलब ८ बाट ५ हजारमा झर्ने भएपछि मदरसामा विवाद

**दैनिक समाचारदाता**
**राजविराज, २८ भदौ ।**

राजविराज नगरपालिका वडा नं. १ चनौरा पडरियास्थित आशिनियाँ दारुल उलुम मदरसामा शिक्षकले पाउने गरेको तलब ८ हजारबाट ५ हजारमा झर्ने भएपछि विवाद चर्किएको छ ।




राजविराज नगरपालिकाले शिक्षा शाखा मार्फत उक्त मदरसालाई दिँदै आएको २ लाख ४१ हजार रुँपैया मध्येबाट दुई जना शिक्षक मासिक ८ हजार ३ सय ३३ रुँपैयामा काम गर्दै आएका थिए ।



सोही अनुदान रकमबाट थप एक जना शिक्षकलाई नियुक्तिको प्रयास गर्दा घटेर मासिक ५ हजार ५ सय ५५ रुँपैया तलब भागमा पर्ने भएपछि शिक्षक र व्यवस्थापन समितिका अध्यक्षबीच विवाद चर्किएको हो ।

मदरसाका प्रधानाध्यापक रुबिना बेगमले नगरपालिकाबाट अनुदान स्वरुप आउने बार्षिक २ लाख ४१ हजार रुँपैया मध्ये ४१ हजार मरदसा व्यवस्थापन समितिका अध्यक्ष आशिन मियाँले स्वयम लिने गरेको र बाँकी २ लाख मध्येबाट आफू र मौलबीसहित दुई जनाको तलबमा खर्च हुने गरेको बताइन् । सोही अनुदान रकमबाट तलब खाने गरि मदरसा व्यवस्थापन समितिका अधयक्ष आशिन मियाँले आफन्त पर्ने तेश्रो व्यक्ति नियुक्तिको प्रयास गर्दा आफूहरु मारमा पर्ने बताइन् ।

उनले आफूहरुलाई जागिर छाड्न बाध्य बनाउन र आफन्तलाई भर्ना गर्ने नियतले अध्यक्षले गैरकानुनी ढंगले थप एक जना मौलबीलाई गत २०८० जेठ ४ गतेदेखी काममा लगाएर नियुक्ती पत्रका लागि आफूहरुमाथी दबाब बढाउदै लगेको आरोप समेत लगाइन् ।

उनले नगरपालिकाबाट अनुदान वापत प्राप्त हुने २ लाख ४१ हजार मध्ये ४१ हजार अध्यक्ष आशिनले आफै राख्ने गरेकोमा उक्त रकम फिर्ता गर्नु पर्ने माग पनि गरेकी छिन् ।

मदरसाका शिक्षक मो. युनिसले व्यवस्थापन समितिको बैठक कहिले नबसेको र अध्यक्षले आफूखुशी निर्णय गरि घरघरमा गई दबाब दिएर समितिका सदस्यहरुसँग निर्णय पुस्तिकामा हस्ताक्षरको प्रयास गर्ने गरेको बताए ।

व्यवस्थापन समितिका अध्यक्ष आशिनले मदरसा व्यवस्थापनका लागि आफूले ४१ हजार लिने गरेको दाबी गर्दै मदरसामा थप शिक्षकको आवश्यकता महसुस भएकाले एक जनालाई राख्न लागेको बताए । ८४ जना बालबालिका अध्ययन गर्ने उक्त मदरसामा उर्दु, अरबी, दिनियातका साथै नेपाली, अंग्रेजी र गणित विषयको पढाई हुनछ । तर आवश्यकता अनुसारको शिक्षक अभाव भएपछि थप एकजना मौलबी राखिएको उनले स्पष्ट पारेका छन् ।

बि.स. २०६६ सालमा स्थापित उक्त मदरसामा उत्पन्न विवादले बालबालिकाको पठनपाठनमा समेत असर पार्ने भन्दै स्थानियले यसको सत्यतत्य छानबिन गरि अविलम्ब समस्या समाधान गर्न माग गरेका छन् ।

अध्यक्ष आशिनले उल्टै जागिरबाट हटाइदिन्छु भनि धम्की दिएको भन्दै प्रअ, शिक्षक र अभिभावकले उनी बिरुद्ध नगरपालिका, शिक्षा समन्वय इकाई तथा अन्य निकायमा उजुरी दिने निर्णय गरेको प्रअ बेगमले बताइन् ।

– अनुदान रकम २ लाख ४१ हजार रुँपैया मध्ये ४१ हजार मरदसा व्यवस्थापन समितिका अध्यक्ष आशिन मियाँले लिने गरेको र बाँकी रहेको २ लाख मध्येबाट दुई जना शिक्षकले मासिक तलब ८ हजार ३ सय ३३ रुँपैया पाउने गरेका छन् ।

– थप एक जना शिक्षकलाई नियुक्ति गर्दा पाउने गरेको तलब ८ हजार ३ सय ३३ रुँपैयाबाट घटेर ५ हजार ५ सय ५५ रुँपैया हुन आउँछ ।

# टाइम म्यागेजिनको १०० उदयीमान सूचीमा बालेन्द्र शाह



काठमाडौँ, २८ भदौ (रासस) ।

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह विश्वप्रसिद्ध टाइम म्यागेजिनले प्रकाशन गरेको एक सय प्रभावशाली व्यक्तित्वको सूचीमा पर्नुभएको छ ।

विसं २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौँ महानगरपालिकाको प्रमुखमा स्वतन्त्र उम्मेदवारका रुपमा निर्वाचित हुनुभएका उहाँलाई बुधबार सो पत्रिकाको अनलाइन संस्करणले एक सय उदयीमान नेतृत्वको सूचीमा समेटेको हो ।

स्ट्रक्चरल इञ्जिनियरिङमा स्नातकोत्तर गरेका ३३ वर्षीय प्रमुख शाहले यथास्थितिमा मतदाताको भावनालाई सामाजिक सञ्जाल टिकटक, ट्विटर र इन्स्टाग्राम प्रयोग गर्दै आफ्नो पक्षमा पार्न सफल भएको पत्रिकाले उल्लेख गरेको छ ।

गोरखा भूकम्पले तहसनहस गरेको काठमाडौँमा प्रमुख शाहले फोहरको राम्रो विसर्जन र सरसफाइ, सुरक्षित पिउने पानीको व्यवस्था, सफा सडक र सहरी विकासका साथसाथै सांस्कृतिक सम्पदाको संरक्षणलगायत सरल प्रतिवद्धता र अभियान गरेर निर्वाचनमा सफल भएको पत्रिकामा जनाइएको छ ।

साथै फोहरको वर्गीकरण गर्न प्रारम्भ गरेको तथा फोहर व्यवस्थापनका लागि सम्झौतामा हस्ताक्षर गरेकोसमेत पत्रिकामा उल्लेख छ । प्रमुख शाहले सहरका गैरकानुनी भवन भत्काउँदा तथा व्यवस्थापन गर्दा सहरी गरिबमा प्रभाव परेको र आलोचना भएकोसमेत जनाइएको छ । पत्रिकाले विभिन्न क्षेत्रमा एक सय उदयीमान व्यक्तित्वको सूची प्रकाशन गरेको छ ।

# समाजवादको यात्रामा सबैलाई एकजुट भइ अघि बढ्न अध्यक्ष नेपालको आह्वान

**दैनिक समाचारदाता**
**राजविराज, २८ भदौ ।**

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले समाजवादको यात्रामा सबैलाई एकजुट भइ अघि बढ्न आवहान गरेका छन् ।




सप्तरीको खडक नगरपालिकाको खरचुइया बजारमा बिहीबार पार्टीको नगर समितिद्वारा आयोजित कार्यकर्ता प्रशिक्षण तथा पार्टी प्रबेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले एमाले पार्टी अब सुध्रीने अवस्थामा नरहेकोले तथा कम्युनिष्ट विचारकहरूको पार्टी नभएकोले इमान्दार कार्यकताहरू एमाले छाड्दै नेकपा एकीकृत समाजवादीले पार्टीमा आउने क्रम जारी रहेको बताए ।

पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष नेपालले वर्तमान सरकार पाँच वर्षसम्म चल्ने दावीका साथ सरकार बिरोधी कुनै पनि भ्रमका पछाडि लाग्न आवश्यक नरहेको बताएका छन् ।

उनले बडो मिहिनेतका साथ यो सरकार निर्माण भएकोले पाँच वर्षसम्म टिक्ने कुरामा कुनै शंका नलिन सबैमा आग्रह समेत गरे । नेता नेपालले सबै वर्ग समूदायका पक्षमा सरकारले काम गर्न आवश्यक रहेको बताउँदै विशेष गरी विपन्न, दलित, महिला, आदिवासी जनजातीका समस्या समाधानमा सरकारले बढी ध्यान दिनु पर्नेमा जोड दिए ।

मुलुकमा समाजवादी अभियानको आवश्यकता रहेको बताउँदै उनले त्यसकै लागि समाजवादी मोर्चा गठन गरिएको स्पष्ट पनि पारे । आगामी असोज १४ गतेबाट मेची महाकाली समाजवादी अभियान चलाईने उद्घोषका साथ नेता नेपालले जनजनमा यसको औचित्य र आवश्यकता स्थापित गर्न आवश्यक रहेको जिकिर गरे ।

नगर समितिका अध्यक्ष बिजयकुमार साहको अध्यक्षतामा आयोजित कार्यक्रममा पार्टीका केन्द्रिय उपाध्यक्ष धर्मनाथ साह, सचिव नागेन्द्र प्रसाद चौधरी, स्थायी कमिटी सदस्य रामप्रित पासवान, केन्द्रिय सदस्य एवं मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोबिन्द न्यौपाने

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय

### बालबालिकाको शिक्षामा ध्यान पुगोस्

सरकारले बालबालिकाहरुलाई उचित शिक्षाका लागि विशेष ध्यान दिएको छ। तर, त्यसको खासै असर परेको देखिन्न्। विभिनन पारिवारिक कारणले तथा आर्थिक अवस्था कमजोर रहेका बालबालिकाहरु बाध्य भई घरेलु कामदार, होटल, ईटा भट्टा लगायतमा बालश्रम गर्न बाध्य छन्। उनीहरु त्यही श्रम गरेर आफ्नो तथा परिवारको गुजारा चलाइराखेका छन्।

बालश्रम यस्तो जटिल शब्द हो जुन सरकारी नीतिलाई कार्यान्वयन गर्न सकिएको छैन्। भविष्यका कर्णाधार मानिने बालबालिकाहरु सहर मात्र नभएर ग्रामिण भेगहरुमा रहेका होटल तथा लँजहरुमा दिनभरी बालश्रम गर्न बाध्य छन्। अधिकांशको घरायसी समस्यामा परेका त्यस्ता बालबालिकाहरु बाल मजदुरी गर्न बाध्य भएको अवस्था छ। कसैको आमाबुबा नरहेकाले बालश्रम गरिरहेका छन भने कत्तिपयले घरको आर्थिक अवस्था कमजोर भएकाले पढ्न नसकेर बालश्रम गरी आफ्नो र आफ्नो घर परिवारको समेत गुजारा चलाउन बाध्य छन्।

बालमजदुरी वा श्रमलाई न्युनीकरणका लागि सरकारीस्थरबाटै एउटा दिर्घकालिन नीति निर्माण आवश्यक छ। जसले उनीहरुको पारिवारिक अवस्था तथा शिक्षा हासिल गर्न मद्दत पुगोस्। तसर्थ शिक्षामा बालबालिकाको पहुँचलाई सहज गर्नका लागि सम्बन्धीत निकायको गम्भिर ध्यानाकर्षण हुनु जररी छ। अनि मात्र बालश्रमलाई थोरै भए पनि न्युनिकरण गर्न सकिन्छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्व समाचार

*बाँकी अन्तिम पृष्ठमा*



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्वन्धीत निकायमा तुरुन्त खवर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ं आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# ट्रकको ठक्करबाट प्रहरी सहायक निरीक्षकको मृत्यु

उदयपुर, २८ भदौ (रासस)।

उदयपुर जिल्लाको चौदण्डी गढी नगरपालिका-९ स्थित मदन भण्डारी लोकमार्ग खण्डको ज्यामिरेमा बुधबार जिल्लाको बेलका नगरपालिका-२ भागलपुर प्रहरीचौकीका प्रमुख प्रहरी सहायक निरीक्षक श्रीकुमार बस्नेतको ट्रकको ठक्करबाट मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार प्रहरी सहायक निरीक्षक बस्नेत जिल्ला प्रहरी कार्यालयको प्रत्येक महिनामा हुने नियमित छलफलमा भाग लिई आफ्नो प्रहरीचौकी भागलपुरतर्फ फर्कंदै गर्दा चौदण्डी गढी-९ को ज्यामिरेमा पुग्दा चौदण्डीको बेल्टारबाट आउँदै गरेको ना४ख ६१८३ नम्बरको ट्रकले उहाँ सवार मोटरसाइकललाई ठक्कर दिएको थियो।

ट्रकको ठक्करबाट गम्भीर घाइते बस्नेतलाई उपचारका लागि तत्काल जिल्ला अस्पताल उदयपुर ल्याउने क्रममा जिल्ला अस्पताल ल्याएर उपचार कार्य सुरु गर्नुअघिनै बस्नेतलाई अस्पतालका चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरले बताएको छ।

ट्रक चालक विशाल परियार र ट्रकलाई इलाका प्रहरी कार्यालय बेल्टारले नियन्त्रणमा लिई अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए।

## *समाजवादको यात्रामा...*

समेतले शुभकामना मन्तव्य दिएका थिए।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि आएका नवप्रवेशिहरुलाई प्रमुख अतिथि अध्यक्ष नेपालले फुलमाला लगाई स्वागत गरे। नेकपा एमालेका जिल्ला सदस्य एयुव राइन, बलराम चौधरी, लोसपाका ननु चौधरी कलवार, काँग्रेसका हासिम मियाँसहित पाँच सय भन्दा बढी विभिन्न पार्टी परित्याग गरि नेकपा (एकिकृत समाजवादी) मा प्रवेश गरेको सो पार्टीले जनाएको छ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**बाढीपहिरोबाट जोगिऔं**
जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
- बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*